# देवघाट गाउँपालिका

## आठौं गाउँ सभा

**मितिः २०७८/०३/०९, २०७८/०३/१० र २०७८/०४/३२ गते सम्म ३ वटा वैठकवाट भएका निर्णयहरु**

नीतिगत निर्णयहरु

१. **प्रस्तावको विषयः** आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम
**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकाको आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम आठौं गाउँ **सभाको मितिः** २०७८/०३/०९ को पहिलो वैठकमा प्रस्तुत भई २०७७/०३/१० को दोस्रो वैठकमा छलफल भई सुझावलाई समावेश गरी सर्व सम्मतले पारित भयो ।

२. **विधेयकको विषयः** आर्थिक विधेयक, २०७८
**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकाको आ.व. २०७८/०७९ को आर्थिक विधेयक, २०७८ आठौं गाउँ सभाको मितिः २०७७/०३/१० को दोस्रो वैठकमा प्रस्तुत भई वैठकमा छलफल भई सुझावलाई समावेश गरी सर्व सम्मतले पारित भयो ।

३. **विधेयकको विषय**ः विनियोजन विधेयक, २०७८
**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकाको आ.व. २०७८/०७९ को विनियोजन विधेयक, २०७८ आठौं गाउँ सभाको मितिः २०७७/०३/१० को दोस्रो वैठकमा प्रस्तुत भई वैठकमा छलफल भई सर्व सम्मतले पारित भयो ।

४. **प्रस्तावको विषयः** आ.व. २०७८/०७९ को वार्षिक बजेट
**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक बजेट आठौं गाउँ सभाको मितिः २०७७/०३/१० को दोस्रो वैठकमा प्रस्तुत भई वैठकमा छलफल भई कूल अनुमानित आय रु. ४९,५५,३३,६८४.०० (अक्षेरुपी उन्पचास करोड पचपन्न लाख तेत्तिस हजार छ सय चौरासी रुपैया मात्र) र कूल व्यय अनुमान रु रु. ४९,५५,३३,६८४.०० (अक्षेरुपी उन्पचास करोड पचपन्न लाख तेत्तिस हजार छ सय चौरासी रुपैया मात्र) को बजेट सर्व सम्मतले पारित भयो ।

५. **विधेयकको विषय**ः देवघाट गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्यसञ्चालन विधेयक स्वीकृत सम्बन्धमा ।
**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्यसञ्चालनको विधेयक आठौं गाउँ सभाको मितिः २०७८/०३/१० को दोस्रो वैठकमा प्रस्तुत भई छलफल भई सर्व सम्मतले पारित भयो ।

६. **विधेयकको विषय**ः देवघाट गाउँपालिकामा विभिन्न समिति गठन एवं सञ्चालन सम्बन्धि विधेयक स्वीकृत सम्बन्धमा ।
**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकामा विभिन्न समिति गठन एवं सञ्चालन सम्बन्धि विधेयक आठौं गाउँ सभाको मितिः २०७८/०३/१० को दोस्रो वैठकमा प्रस्तुत भई छलफल भई सर्व सम्मतले पारित भयो ।

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

७. **प्रस्तावको विषयः** आ.व. २०७८/०७९ को संशोधन सहितको बजेट स्वीकृत सम्बन्धमा ।
**निर्णयको व्यहोराः** आ.व. २०७८/०७९ को संशोधन सहितको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

८. **प्रस्तावको विषयः** चालु आ.व.२०७७/०७८ को कार्यक्रम संशोधन र स्रोतान्तर सम्बन्धमा ।
**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकाको चालु आ.व. २०७७/०७८ को कार्यक्रम संसोधन र स्रोतान्तर प्रस्ताव आठौं गाउँ सभाको मितिः २०७७/०३/१० को दोस्रो वैठकमा प्रस्तुत र छलफल भई सर्व सम्मतले पारित भयो ।

९. **प्रस्तावको विषयः** देवघाट गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादित प्रशासनिक काम कारवाही तथा निर्णयहरुको अनुमोदन सम्बन्धि प्रस्ताव स्वीकृत सम्बन्धमा ।
**निर्णयको व्यहोराः** देवघाट गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादित प्रशासनिक काम कारवाही तथा निर्णयहरुको अनुमोदन सम्बन्धि प्रस्ताव आठौं गाउँ सभाको मितिः २०७८/०३/१० को दोस्रो वैठकमा प्रस्तुत भई छलफल गरिएको तथा मिति २०७८/०३/२९ गतेको कार्यपालिकाको वैठकबाट निर्णय भई अनुमोदनका लागि पेश भएका देहाय बमोजिमका विषय-वस्तुहरुमा सर्व सम्मतले पारित भयो ।

क) गाउँपालिका कार्यालयबाट सम्पादन गर्नुपर्ने कामहरुलाई शिघ्र,सहज, सरल र प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानुनमा भएको व्यवस्था तथा यस पूर्वका गाउँ सभा र कार्यपालिकाको बैठकबाट गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजित अधिकारको प्रयोग गरी सम्पादन गरिएका काम कारवाही र सो सँग सम्बन्धित कार्य प्रक्रिया तथा भुक्तानीसँग सम्बन्धित सबै कार्यहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ख) गाउँ सभा तथा गाउँ कार्यपालिकाको वैठकको निर्णयबाट स्वीकृत गरिएका योजना तथा कार्यक्रमहरु सञ्चालन व्यवस्थापन र कार्यान्वियन गर्ने सन्दर्भमा विभिन्न कारणले गर्दा संशोधन सहित गरिएको कार्य प्रक्रिया तथा भुक्तानी समेतको प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

ग) चालु आ.व. २०७७/०७८ को अवधिमा गाउँपालिका कार्यालयको कार्य सम्पादनको सिलसिलामा विभिन्न अवस्थामा विभिन्न सरोकारवाला पक्षहरुलाई उपलब्ध गराइएको आर्थिक सहयोग, भैपरी आउने रकम, खर्चको मापदण्ड वा अनुदान रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

घ) गाउँपालिका कार्यालयबाट कार्यालय सञ्चालन र व्यवस्थापन अन्तर्गत भए गरेका विभिन्न किसिमका खरिद प्रक्रिया तथा भुक्तानीका कार्य प्रक्रियाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ङ) गाउँपालिका कार्यालयसँग सम्बन्धित काममा आउने अतिथिहरुको व्यवस्थापन गर्ने तथा कार्यालयको आफ्नै कार्य सञ्चालन तथा व्यवस्थापनको लागि विभिन्न कार्य प्रयोजनार्थ विभिन्न मितिमा विविध शिर्षकबाट व्ययभार हुने गरी खर्च लेखी भुक्तानी दिएको रकम तथा सो को कार्य प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

च) कोरोना तथा प्रकोप व्यवस्थापनको लागि गाउँपालिका कार्यालयमा रहेको स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा हालसम्म प्राप्त हुन आएको निम्नानुसारको नगद तथा जिन्सी आम्दानी तथा

नरहरि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

तुल बहादुर थापा
अध्यक्ष

कोषबाट व्ययभार हुने गरी नियमानुसार खर्च गरिएको सबै रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

अ) सिद्धार्थ बैंक लि. देवघाट शाखा - रु. २,००,०००/-

आ) तारा प्रसाद सापकोटा - रु. १०,०००/-

इ) हेफर प्रोजेक्ट नेपाल - रु. १५,००,०००/-

छ) देवघाट गाउँपालिकाको राजश्व परामर्श समितिबाट तोकिएबमोजिम गरेका कामकारवाही तथा निर्णय प्रक्रियाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ज) गाउँपालिका कार्यालयबाट तोकिएबमोजिम हुने गरी तथा विशेष अवस्था र परिस्थितिमा अत्यावश्यक र जरुरी भई विभिन्न व्यक्ति, निकायबाट पेश हुन आएका आर्थिक सहायताका निवेदन उपर आवश्यक कार्य प्रक्रिया अपनाई भुक्तानी गरिएका सबै रकमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

झ) गाउँपालिका कार्यालय, वडा कार्यालय तथा अन्तर्गतका कार्यालय, निकाय, संघ संस्था संचालन र व्यवस्थापनको लागि भए गरेका कार्यप्रक्रिया र सो सँग सम्बन्धित खर्च भएको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ञ) डिपिआर तयारी, अध्ययन प्रतिवेदन तथा अन्य परामर्श सेवा अन्तर्गत भए गरेका कार्यप्रक्रिया र सो वापत खर्च भएको भुक्तानी रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ट) वार्षिक स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन र सञ्चालन गर्ने सिलसिलामा मागमा आधारित तथा आवश्यकता र औचित्यता एवम् पूर्णता समेतलाई मध्यनजर गरी स्वीकृत भइसकेको कार्यक्रम अन्तर्गतको कार्य सम्पन्न गर्नको लागि गरिएको संसोधन सहितको लगत स्टीमेट, सम्झौता र भुक्तानी लगायतका सबै कार्य प्रक्रियालाई नियमित र अनुमोदन गर्ने निर्णय गरियो ।

ठ) गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को लागि स्वीकृत गरिएका चालु तथा पूँजिगत शिर्षक अन्तर्गतका कार्यक्रम सञ्चालन गर्न, कार्यालयको आन्तरिक सञ्चालन र व्यवस्थापनको लागि, अस्पताल वा स्वास्थ्य चौकी सञ्चालन र व्यवस्थापन र औषधि तथा औषधिजन्य सामाग्री खरिद तथा अन्तर्गतका कार्यालय, निकाय र संघ संस्थाको लागि विनियोजित रकमबाट सार्वजनिक खरिद इकाइको निर्णय वा अन्य प्रक्रियाबाट तोकिए बमोजिम गरी खरिद गरिएका काम कारवाही र सो को भुक्तानी सम्बन्धी सबै कामको अनुमोदन गर्ने निर्णय गरियो ।

ड) आर्थिक वर्ष २०७७।०७८ को अवधिमा भैपरी रुपमा आएका मागमा आधारित तथा अत्यावश्यक भइ सञ्चालन र कार्यान्वयन अन्तर्गत भए गरेका पछिल्लो निर्णयबाट थप भएका नयाँ तथा संसोधन गरिएका योजना तथा कार्यक्रम र सो वापत गरिएको भुक्तानी लगायतका सबै कामकारवाहीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

ढ) गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी लगायतका विभिन्न कार्यालय, निकायको दैनिक प्रशासनिक कार्य सञ्चालन, कार्यालयको आन्तरिक कार्य सञ्चालन, तथा नागरिक सेवा प्रवाहको लागि विभिन्न मितिमा विभिन्न पदमा वा जिम्मेवारी वहन गर्नको लागि तोकिए बमोजिमको कार्य प्रक्रियाको अवलम्बन गरी कर्मचारी पदपुर्ति सम्बन्धी सबै कार्य प्रक्रिया र छनौट तथा नियुक्ति लगायतका कामकारवाहीलाई नियमित तथा अनुमोदन गर्ने निर्णय गरियो

१०. **प्रस्तावको विषयः** निर्माण सामाग्रीको स्थानीय दररेट स्वीकृत सम्बन्धमा ।
**निर्णयको व्यहोराः** आ.व. २०७८/०७९ को लागि गा.पा.बाट तयार गरिएको निर्माण सामाग्रीको स्थानीय दररेट स्वीकृत/अनुमोदन गर्ने निर्णय गरियो ।

११. **प्रस्तावको विषयः** गत वर्ष स्वीकृत O & M बमोजिम संस्थागत संरचना तथा कर्मचारी दरबन्दी निरन्तरता तथा विभिन्न प्रशासनिक निर्णय अनुमोदन सम्बन्धमा ।
**निर्णयको व्यहोराः** गत आ.व. को छैठौं गाउँसभाबाट स्वीकृत देवघाट गाउँपालिकाको संस्थागत संरचना तथा कर्मचारी दरबन्दी O & M बमोजिम करार सेवामा कार्यरत कर्मचारीलाई निरन्तरता दिने तथा नेपाल सरकारबाट आथिक वर्ष २०७/०७९ को लागि स्वीकृत गरी लागू गरे बमोजिमको मासिक तलबमान, भत्ता लगायतका सेवा सुविधाहरु उपलब्ध गराउने निर्णयलाई अनुमोदन गरियो ।

१२. **प्रस्तावको विषयः** संघीय सरकार तथा विभिन्न आयोजना/कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम तथा कर्मचारी व्यवस्थापनमा (पदपूर्ति) भएका निर्णय तथा करार सम्झौता अनुमोदन सम्बन्धमा ।
**निर्णयको व्यहोराः** संघीय सरकार तथा विभिन्न आयोजना/कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम तथा कर्मचारी व्यवस्थापनमा (पदपूर्ति) भएका निर्णय तथा करार सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

१३. **प्रस्तावको विषयः** मालपोत कार्यालय तनहुँलाई प्रशासनिक तथा मसलन्द खर्च अनुदान भुक्तानी सम्बन्धमा ।
**निर्णयको व्यहोराः** मालपोत कार्यालय तनहुँको च.नं. १११७६ मिति २०७८/०२/२३ गतेको पत्र बमोजिम माग भई आएको प्रशासनिक तथा मसलन्द खर्चका लागि अनुदान बापत रकम रु. ५०,०००.०० (अक्षेरुपी पचास हजार रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

१४. **प्रस्तावको विषयः** न्यायिक समिति कार्य सम्पादन अनुमोदन सम्बन्धमा ।
**निर्णयको व्यहोराः** देवघाट गाउँपालिकाको स्थानीय न्यायिक समितिबाट आर्थिक वर्ष २०७७/०७८ को अवधिमा गरिएका कामकारवाही, कार्य प्रक्रिया सहितका सबै निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो

१५. **प्रस्तावको विषयः** खर्च अनुमोदन सम्बन्धमा ।
**निर्णयको व्यहोराः** वार्षिक नीति, कार्यक्रम तथा बजेट संशोधन सहितको आधारमा साझेदारीमा विभिन्न क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न छनौट भएका तपशिलका संस्थाहरुको लागि सम्बन्धीत कार्यक्रम शिर्षकमा विनियोजित रकमबाट व्ययभार हुने गरी सम्झौता भई कार्यक्रम सम्पन्न (प्रगती प्रतिवेदन, बिल भरपाई) बापतको भुक्तानी गरिएको देहाय अनुसारको खर्च रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | संस्थाको नाम | कार्यक्रमको नाम | साझेदारी रकम | | | कार्यक्षेत्र (वडा) | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | गा.पा. | संस्था | जम्मा | | |
| १ | दक्षिण क्षेत्र दिगो विकास कृषि सहकारी संस्था | सहकारीता | १६,००,०००/- | ३,२०,०००/- | १९,२०,०००/- | २ र ३ | ८,००,०००/- |

नरहरि मायकोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | हेफर प्रोजेक्ट नेपाल | कृषि तथा पशु विकास उद्यमशिलता | ५०,००,००००/- | १५,४७,५००/- | ६५,४७,५००/- | ५ वटै | २५,००,०००/- |
| ३ | बहुआयामिक स्रोत केन्द्र नेपाल | अर्गानिक मोडेल/ वातावरणमैत्री कृषि कार्यक्रम | १४,००,०००/- | ३,७२,०००/- | १७,७२,०००/- | १, ४ र ५ | १४,००,०००/- |

१६. **प्रस्तावको विषय:** सामुदायिक विद्यालयका शिक्षकहरुको सेवा सुविधा तथा तलवमान सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** सामुदायिक विद्यालयका शिक्षकहरुको सेवा सुविधा तथा तलवमान सम्बन्धमा नेपाल सरकारबाट आथिक वर्ष २०७८/०७९ को लागि स्वीकृत गरी लागू गरे बमोजिमको मासिक तलबमान, भत्ता लगायतका सेवा सुविधाहरु उपलब्ध गराउने निर्णय गरियो ।

१७. **प्रस्तावको विषय:** सामुदायिक विद्यालयमा कार्यरत बाल विकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई संघीय सरकारले उपलब्ध गराउने पारिश्रमिक सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** सामुदायिक विद्यालयमा कार्यरत बाल विकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई संघीय सरकारले उपलब्ध गराउने पारिश्रमिकमा तपशिल बमोजिम रकम थप गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | थप रकम | कैफियत |
|---|---|---|---|
| १ | मा.वि. तह लेखापाल | १,५००/- | |
| २ | कक्षा १२ उत्तिर्ण सहजकर्ता | ५,०००/- | |
| ३ | एस.एल.सि. उत्तिर्ण सहजकर्ता | ३,०००/- | |
| ४ | कक्षा ८ उत्तिर्ण सहजकर्ता | २,०००/- | |
| ५ | विद्यालय सहयोगी (सबै तह) | २,०००/- | |

१८. **प्रस्तावको विषय:** गाउँपालिकाबाट नियुक्त बाल विकास केन्द्रका सहजकर्ताहरुको सेवालाई निरन्तरता दिने सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** गाउँपालिका अन्तर्गत रहेका बाल विकास केन्द्रहरुका लागि गाउँपालिकाबाट नियुक्त भएका सहजकर्ताहरुको सेवालाई निरन्तरता तथा तलवमान तपशिल बमोजिम कायम गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क्र.सं. | विवरण | थप रकम | कैफियत |
|---|---|---|---|
| १ | कक्षा १२ उत्तिर्ण सहजकर्ता | ५,०००/- | |
| २ | एस.एल.सि. उत्तिर्ण सहजकर्ता | ३,०००/- | |
| ३ | कक्षा ८ उत्तिर्ण सहजकर्ता | २,०००/- | |

१९. **प्रस्तावको विषय:** कृषि तथा पशुपालन व्यवसायसँग सम्बन्धित कृषि तथा पशु विकास उद्यमशिलता कार्यक्रम र बजेट सम्बन्धमा ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णयको व्यहोरा:** आर्थिक वर्ष २०७७/०७८ को लागि स्वीकृत वार्षिक नीति अन्तर्गत कृषि तथा पशपंक्षी विकासतर्फ कृषिलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्न एक गाउँ एक उत्पादन तथा पकेट क्षेत्रको विकास गरिने र कृषि क्षेत्रमा गैर सरकारी संस्था परिचालन गरिने, विकासको साझेदारीको रुपमा निजी क्षेत्र तथा गैर सरकारी संघ संस्थालाई समन्वयात्मक रुपमा लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने र सो को व्यवस्थापन गर्न कार्यविधि तर्जुमा गरिने उल्लेख भए अनुसार गाउँपालिकाबाट साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत भईसकेको छ । गाउँपालिकाको सबै वडाहरुलाई कार्यक्षेत्र बनाई लागत साझेदारीमा कृषि तथा पशु विकास उद्यमशिलताका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नको लागि गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको प्रस्ताव स्वीकृत गरी मिति २०७७/१२/२० मा भएको द्विपक्षीय सम्झौता र सो बमोजिम भए गरिएका कार्य प्रक्रिया सहित पेश्की भुक्तानी गरिएको रकम रु. २५,००,०००.०० (अक्षेरुपी पच्चिस लाख रुपैया मात्र) रकम लगायतका सम्पुर्ण काम कारवाही अनुमोदन गर्ने र कृषि तथा पशुपालनको क्षेत्रमा क्षमता विकास गर्दै उन्नत प्रविधिको प्रयोगबाट रोजगारीको अवसर सृजना, उत्पादन र आय आर्जनमा वृद्धिमा टेवा पुग्ने सम्झौताको म्यादलाई निरन्तरता दिई आर्थिक वर्ष २०७८/०७९ को लागि आवश्यक पर्ने बजेट अनुसुची – ६ मा उल्लेख भए अनुसार व्यवस्था गर्ने निर्णय गरियो ।

२०. **प्रस्तावको विषय:** गा.पा.को लागि आवश्यक अध्ययन प्रतिवेदन तयार गरी पेश हुन आएका अध्ययन प्रतिवेदनहरुलाई स्वीकृत गरी कार्यान्वयनमा ल्याउन अनुमोदन सम्बन्धमा ।

**निर्णयको व्यहोरा:** देवघाट गाउँपालिका कार्यालयको कार्य सम्पादनको लागि आवश्यक पर्ने निम्न विषयमा अध्ययन प्रतिवेदन तयार गर्न विभिन्न परामर्शदाताहरु छनौट भई गरिएको सम्झौता अनुसार सम्बन्धित फर्म संस्थाबाट तयार गरी पेश हुन आएका देहाय बमोजिमको विवरण भएका अध्ययन प्रतिवेदनहरुलाई स्वीकृत गरी कार्यान्वयनमा ल्याउन अनुमोदनका लागि देहाय बमोजिमका विषय-वस्तुहरु गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | अध्ययन प्रतिवेदनको विषय/क्षेत्र | परामर्शदाता संस्थाको नाम र ठेगाना | सेवा खरिद रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सामाजिक परीक्षण | गैर सरकारी संस्था समन्वय समिति तनहुँ | १,९७,७५०.०० | |
| २ | गाउँपालिकाको समग्र विकास योजना एवं गतिविधि तथा पर्यटन प्रवर्द्धन तथा गाउँपालिकाको विद्यमान अवस्था, चुनौती, अवसर, उपलब्धी एवं पर्यटकीय गन्तव्यहरु लगायतका अन्य सम्पूर्ण गतिविधिहरु समावेश गरी वृत्तचित्र निर्माण | बि एण्ड बि मिडिया ब्रोडकास्टिङ्ग प्रा.लि., दमौली, तनहुँ | ४,८३,०६१.२७ | |
| ३ | गाउँपालिकाको राजश्व सुधार योजना निर्माण गर्नको लागि (आन्तरिक राजश्व सम्भाव्यता अध्ययन गर्न) | स्पीड सोलुसन नेपाल प्रा.लि., तनहुँ । | ३,९२,६४७.०० | |
| ४ | देवघाट आधारभूत अस्पताल | एन.के.ए. ईन्जिनियरिङ्ग कन्सल्ट, काठमाडौं | १२,७०,१२०.०० | |

| | | | | |
|---|---|---|---|---|
| ५ | घण्टाचुली पर्यटन क्षेत्र विकास कार्यक्रम | अर्किड प्लानर्स, भरतपुर, चितवन | ४,९३,८१०.०० | |
| ६ | चक्रवर्ती सामुदायिक ग्रिन पार्क (ल्याण्डफिल साईट परिसर) | यव युम विल्डर्स प्रा.लि., भरतपुर, चितवन | ४,९४,९४०.०० | |
| ७ | आवधिक योजना निर्माण | जार्सा ईन्जिनिरिङ्ग कन्सल्टेन्सी प्रा.लि., काठमाडौं | १७,२१,५५५.०० | |
| ८ | वैकल्पिक उर्जा कार्यक्रम | त्रिमूर्ति ईनर्जी प्रा.लि. | ४,५६,५५०.०० | |

२१. **प्रस्तावको विषय:** जिल्ला समन्वय समिति तनहुँलाई नदीजन्य अनुगमन तथा व्यवस्थापनमा खर्च अनुदान सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** जिल्ला समन्वय समितिको कार्यालय तनहुँले आ.व. २०७७/०७८ का लागि माग भई आएको नदीजन्य अनुगमन तथा व्यवस्थापनमा खर्च अनुदान बापत चालु आ.व. मा ठेक्का लागि प्राप्त हुन आएको रकम रु. ५५,२१,१९०/- को १% ले हुन आउने रकम रु. ५५,२१२/- (अक्षेरुपी पचपन्न हजार दुई सय बाह्र रुपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

२२. **प्रस्तावको विषय:** राजश्व बाँडफाँड अन्तर्गत प्रदेश सरकारमा पठाइएको रकम अनुमोदन सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** हाल सम्ममा निम्नानुसारका विवरण भएको आन्तरिक आय (राजश्व) तर्फ रु. १,६३,२६,५१९.५३ र नदीजन्य पदार्थ उत्खनन संकलन तथा व्यवस्थापनतर्फ रु. ५५,२१,१९०.०० गरी जम्मा रकम रु. २,१८,४७,७१०.१८ राजश्व संकलन भएकोमा राजश्व बाँडफाँड अन्तर्गत प्रदेश सरकारमा पठाइएको रकम रु. १८,४१,४६५.०८ (अक्षेरुपी अठार लाख एकचालिस हजार चार सय पैंसट्ठी रुपैया मात्र) अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

२३. **प्रस्तावको व्यहोरा:** नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनको काम कारवाहीलाई अनुमोदन गर्ने सम्बन्धमा ।
**निर्णयको व्यहोरा:** देवघाट गाउँपालिकाबाट स्वीकृत भएको नदीजन्य प्रारम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदनमा उल्लेख भए अनुसारका विभिन्न क्षेत्रका खोला र नदी स्थित घाट वगरमा मौज्दातमा रहेको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन, संकलन तथा ओसार पसार गर्नको लागि चालु आ.व. २०७७/०७८ मा आन्तरिक आय संकलन गर्ने उद्देश्यले ठेक्का व्यवस्थापन अन्तर्गत विभिन्न मितिमा गरिएका कार्यपालिकाहरुको निर्णय बमोजिम कार्यान्वयनको सम्बन्धमा भए गरेका सबै बोलपत्र/शिलबन्दी दरभाउपत्र सूचना प्रकाशन, मूल्यांकन, ठेक्का सम्झौता, कार्यादेशको म्याद थप लगायतका सबै कार्य प्रक्रियाहरु तथा सो बापत कार्यालयमा दाखिला भएको राजश्व रकमलाई समेत स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने गरी कार्यपालिकाको वैठकबाट निर्णय भई पेश भएकोमा निर्णयमा उल्लेख भए अनुसारका सबै काम कारवाहीहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२४. **प्रस्तावको विषय:** आ.व. २०७७/०७८ मा योजना तथा कार्यक्रमको भुक्तानी बाँकी सम्बन्धमा ।

नरहरि ...कोटा
प्रमुख प्रशासकीय अधिकृत

डा. ... बहादुर थापा
अध्यक्ष